# त्रिभुवन विश्वविद्यालय

# वैकल्पिक विधिबाट परीक्षा सञ्चालन निर्देशिका, २०७८

त्रिभुवन विश्वविद्यालय

**पारित मिति** : २०७८/०६/१३
(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. ११०७)

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०८०**

# त्रिभुवन विश्वविद्यालय

## वन विज्ञान अध्ययन संस्थान

## वैकल्पिक विधिबाट परीक्षा सञ्चालन निर्देशिका, २०७८

### प्रस्तावना

विषम परिस्थितिमा भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न उपयुक्त नहुने परिवेशमा एवं बदलिंदो परिवेशमा स्थिति सामान्य हुँदाको बखतमा समेत नियमित तथा प्रवेश परीक्षा वैकल्पिक माध्यमबाट परीक्षा सञ्चालन गर्न सकिने सन्दर्भमा त्रि. वि. प्राज्ञिक परिषद्बाट वैकल्पिक विधि अपनाई परीक्षा सञ्चालनको व्यवस्था मिलाउनका लागि सम्बन्धित डीनको कार्यालयबाट उपयुक्त पद्धति प्रयोग गरी परीक्षा सञ्चालन गर्न सकिने भन्ने व्यवस्था गरिए बमोजिम विद्यापरिषद स्थायी समिति र वन विज्ञान अध्ययन संस्थानको परीक्षा सञ्चालक समितिको बैठकबाट स्नातक तथा स्नातकोत्तर तहका सेमेस्टर परीक्षा वैकल्पिक विधि प्रयोग गरी सञ्चालन गर्ने सम्बन्धमा निर्देशिका निर्माण गर्ने निर्देशन भए अनुसार वन विज्ञान अध्ययन संस्थान, डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखाद्वारा तयार गरिएको **वैकल्पिक विधिबाट परीक्षा सञ्चालन निर्देशिका २०७८** त्रि.वि. प्राज्ञिक परिषद्को सिफारिसबमोजिम त्रि.वि. कार्यकारी परिषद्बाट स्वीकृति गरिएको छ ।

यो निर्देशिका त्रि.वि. कार्यकारी परिषद्बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

### परिच्छेद १ - परिचय

(क) यो निर्देशिकाको नाम **"वन विज्ञान अध्ययन संस्थान, वैकल्पिक विधिबाट परीक्षा सञ्चालन निर्देशिका २०७८"** रहेको छ । यो निर्देशिका वन विज्ञान अध्ययन संस्थान डीनको कार्यालय अन्तर्गतको परीक्षा नियन्त्रण महाशाखा (यस पछि परीक्षा नियन्त्रण महाशाखा भनिने) ले सञ्चालन गर्ने परीक्षा भौतिक उपस्थितिमा सञ्चालन गर्न नसकिने अवस्था आएमा वा स्थिति सामान्य भएता पनि वन विज्ञान अध्ययन संस्थान डीनको कार्यालयअन्तर्गतको परीक्षा सञ्चालक समिति ( यस पछि परीक्षा सञ्चालक समिति भनिने) को निर्णयबाट कुनै विषयको परीक्षा वैकल्पिक माध्यमबाट लिन उपयुक्त देखिएको अवस्थामा समेत कार्यान्वयन गर्न सकिनेछ ।

(ख) वैकल्पिक माध्यमबाट परीक्षा सञ्चालन भन्नाले विद्युतीय माध्यम र प्रविधिमा आधारित उपकरणहरूको प्रयोग गरी सञ्चालन गरिने परीक्षाको विधि "परीक्षा सञ्चालन विधि" भन्ने बुझ्नु पर्दछ ।

### परिच्छेद २ - परीक्षा सञ्चालन विधि

(क) विद्युतीय माध्यम प्रयोग गरी सञ्चालन गरिने सबै परीक्षाको व्यवस्थापन परीक्षा सञ्चालक समितिले तोके बमोजिमको परीक्षा नियन्त्रण महाशाखा मार्फत हुनेछ ।

(ख) यस विधिबाट लिइने परीक्षा विषयगत (Subjective)/वस्तुगत (Objective)/बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) मा आधारित सैद्धान्तिक तथा वस्तुगत प्रश्न र खुला किताबमा

आधारित वा परीक्षा सञ्चालक समितिले तोकेको अन्य उपयुक्त लिखित परीक्षाको विधिमा संचालन हुनेछ ।

(ग) परीक्षा सञ्चालक समितिले तोकेको विद्युतीय माध्यमबाट लिखित परीक्षा सञ्चालन हुनेछ ।

(घ) परीक्षाका सम्पूर्ण प्रश्नहरू विषयगत ज्ञानसँग सम्बन्धित निम्नलिखित ३ तहका हुनेछन्:

१. विषयवस्तुको ज्ञान तह (Knowledge Level): यस अन्तर्गत पाठ्यक्रमद्वारा निर्धारित विषयवस्तुको ज्ञानसँग सम्बन्धित प्रश्नहरू हुनेछन् ।

२. सैद्धान्तिक प्रयोग तह (Application Level) : यस अन्तर्गत वन विज्ञान अध्ययन संस्थानको पाठ्यक्रम (यस पछि पाठ्यक्रम) द्वारा निर्धारित विषयहरु (यस पछि विषय) को सैद्धान्तिक प्रयोगको ज्ञानसँग सम्बन्धित प्रश्नहरू हुनेछन् ।

३. व्यवाहारिक एवम् उत्कृष्ट क्षमता तह (Higher Ability Level): यस अन्तर्गत पाठ्यक्रमद्वारा निर्धारित विषयवस्तुको उच्चत्तम व्यवहारिक एवं समस्या समाधान क्षमतामापन गर्ने प्रश्नहरू हुनेछन् ।

(ङ) प्रत्येक विषयको लिखित परीक्षा छुट्टाछुट्टै दिनमा हुनेछ । परीक्षाको तालिका कम्तीमा १५ दिन अगावै प्रकाशन गरिनेछ। परीक्षा तालिका डीनको कार्यालयको वेबसाइट (www.iof.edu.np) मार्फत उपलब्ध गराइने छ ।

(च) परीक्षा विषयगत प्रश्नमा आधारित प्रश्नको अङ्कभार र समय परीक्षा नियन्त्रण महाशाखाको कार्यालयले तोके बमोजिम नै हुनेछ ।

(छ) परीक्षामा सहभागी हुन परिक्षार्थीहरुले (वन विज्ञान अध्ययन संस्थान को नियमानुसार भर्ना हुने र भएका, अध्ययनरत विद्यार्थी, (ट)(१) अनुसार) त्रि.वि.को आधिकारिक ई-मेल अनिवार्य रुपमा प्रयोग गर्नुपर्ने छ ।

(ज) यसरी लिइने परीक्षामा संलग्न परीक्षार्थीहरुको ई-हाजिरी हुनेछ जसलाई तोकिएको केन्द्राध्यक्ष र निरीक्षकले प्रमाणित गर्नुपर्ने छ। परीक्षार्थीहरुको सम्पूर्ण परीक्षाको उत्तरपुस्तिकाहरु परीक्षा नियन्त्रण महाशाखामा प्राप्त भई सकेपछि त्रि.वि. नियमानुसार गर्ने प्रक्रियाहरु परिक्षा नियन्त्रण महाशाखाको कार्यालयले गर्ने छ ।

(झ) परिक्षार्थीहरुले तोकिएको समयमा परीक्षा कक्ष (Virtual Examination Room) मा प्रवेश गर्नुका साथै परीक्षा सम्वन्धी सम्पूर्ण नियमहरु पालना गर्नु पर्ने छ ।

(ञ) प्रयोगात्मक कक्षा सम्पन्न भई सकेका विषयहरुको प्रयोगात्मक परीक्षा सम्बन्धित क्याम्पसबाट तालिका प्रकाशित गरी Online वा अन्य विधि मार्फत परीक्षा लिई मूल्यांकन गर्न सकिनेछ । प्रयोगात्मक कक्षा सम्पन्न हुन नसकेका विषयहरुको उपयुक्त समयमा भौतिक उपस्थितिमा वा अन्य वैकल्पिक विधिबाट प्रयोगात्मक कक्षा लिई सोको परीक्षा संचालन सम्बन्धित क्याम्पसले गर्नेछ ।

(ट) यस परीक्षामा सम्मिलित हुनको लागि परिक्षार्थीले निम्नानुसार प्रक्रिया पुरा गर्नु पर्ने छ ।

(१) यस अध्ययन संस्थान अन्तर्गतका पोखरा क्याम्पस, हेटौडा क्याम्पस, स्कूल अफ फरेष्ट्रि एण्ड नेचुरल रिसोर्स मेनेजमेन्ट र काठमाडौं फरेष्ट्रि कलेजमा भर्ना भई त्रि.वि. नियमानुसार भर्ना तथा हाजिर भई नियमित रुपमा अध्ययन गरेको हुनु पर्नेछ ।

(२) परिक्षार्थी नियमित परीक्षामा सम्मिलित हुनका लागि सम्बन्धित विषयको आन्तरीक मूल्यांकन परीक्षामा उत्तिर्ण भएको हुनु पर्ने छ ।

(३) परीक्षार्थीले परीक्षाको लागि चाहिने Internet, Laptop or Tablet or Mobile, Power back-up लगायतका आवश्यक उपकरणहरुको स्वयं आफैले व्यवस्था गर्नु पर्ने छ ।

(४) सम्बन्धित परिक्षार्थीले आफुले परीक्षा दिने विषयहरु परीक्षा नियन्त्रण महाशाखाले उपलब्ध गराएको परीक्षा फारम भरि तोकेको समय र स्थानमा बुझाउनु पर्नेछ । अन्यथा फारम र प्रवेश पत्रमा उल्लेख नभएका साथै आन्तरिक मूल्याङ्कन परीक्षामा उत्तीर्ण नभएका विषयहरूको नियमित परीक्षामा बस्न पाइने छैन ।

(ठ) वैकल्पिक माध्यमबाट लिइने परीक्षामा समावेश नहुने परीक्षार्थीहरुलाई सोही परीक्षाको लागि अर्को वैकल्पिक व्यवस्था गरिने छैन ।

(ड) परिक्षार्थीहरूबाट प्राप्त भएका उत्तरपुस्तिकाहरू (pdf file) आधा घण्टा (परीक्षा समय पश्चातको ३० मिनेट) भित्र परीक्षा नियन्त्रण महाशाखाको कार्यालयले तोकेको लिङ्कमार्फत (इमेल) वा स्थानमा पठाउनु पर्नेछ । सो उत्तर पुस्तिकाहरू प्राप्त भएपछि सो pdf file प्रिन्ट गरी वा सोझै E-mail मार्फत परीक्षकलाई मूल्याङ्कन (Online evaluation) को लागि पठाइनेछ र परीक्षकलाई परीक्षाको Video recording आवश्यक भएमा परीक्षा नियन्त्रण महाशाखाको कार्यालयले उपलब्ध गराउन सक्नेछ । परीक्षकले उत्तरपुस्तिका र रेकर्ड भएको भिडियोमा फरक पाएमा सो उत्तरपुस्तिका नजाँची परीक्षा नियन्त्रण महाशाखालाई जानकारी गराउनु पर्नेछ । परीक्षा सञ्चालक समितिले उक्त परीक्षार्थीको सम्बन्धित विषयको परीक्षा रद्द गर्न सक्नेछ ।

(ढ) उपरोक्तअनुसार सञ्चालित परीक्षाको बारेमा थप निर्णय गर्नु परेमा परीक्षा सञ्चालक समितिले गर्ने निर्णय नै अन्तिम हुनेछ । परीक्षासँग सम्बन्धित अन्य कार्य/प्रकिया त्रि.वि.को नियमानुसार हुनेछ ।

(ण) परीक्षार्थीले उत्तर पुस्तिकाको पहिलो पृष्ठमा अनुसूची १ बमोजिमको विवरण लेख्नु पर्नेछ । पहिलो पृष्ठमा प्रश्नको उत्तर लेख्न पाइने छैन ।

(त) परीक्षार्थीले अनुसूची २ मा तोकेबमोजिमको आचारसंहिता पालना गर्नु पर्ने छ ।

## परिच्छेद ३ - आन्तरिक मूल्याङ्कन परीक्षा

(क) यस अध्ययन संस्थान अन्तर्गतका सम्पूर्ण क्याम्पस तथा शिक्षण सस्थाले कुनै पनि विषयको आन्तरीक मूल्यांकन परीक्षा विद्युतीय माध्यम प्रयोग गरि लिन सक्नेछ ।

(ख) आन्तरिक मूल्यांकन परीक्षाको ढाँचा सम्बन्धित क्याम्पस तथा शिक्षण सस्था वा विषयगत शिक्षकले तोक्न सक्नेछ ।

## परिच्छेद ४ - प्रवेश परीक्षा

(क) परीक्षा नियन्त्रण महाशाखाद्वारा सञ्चालन हुने सेमेस्टर प्रणालीमा आधारित स्नातक तथा स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरूमा भर्नाका लागि लिइने प्रवेश परीक्षा विद्युतीय माध्यम प्रयोग गरी सञ्चालन गर्न सकिनेछ । उक्त प्रयोजनका लागि यस डीनको कार्यालयको वेबसाइट (www.iof.edu.np) वा संस्थानले तोकेको अन्य वेबसाइट मार्फत प्रवेश परीक्षा आवेदन फाराम Online माध्यम मार्फत भर्ने व्यवस्था गरिनेछ ।

(ख) प्रवेश परीक्षा आवेदन बापतको शुल्क बुझाउन एक वा एकभन्दा बढी Online Payment Portal को व्यवस्था डीनको कार्यालयले निर्धारण गरे अनुसार हुनेछ ।

(ग) तोकिएको तहको प्रवेश परीक्षा तोकिएको मितिमा Online माध्यमबाट लिखित परीक्षा/बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) को आधारमा लिइनेछ ।

## परिच्छेद ५ - पारिश्रमिक

वैकल्पिक परीक्षा सम्बन्धी कार्यमा सहभागी हुने शिक्षक तथा कर्मचारीहरूलाई त्रि.वि.को स्वीकृति अनुसार वन विज्ञान अध्ययन संस्थानको नियमानुसार सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाको पारिश्रमिक प्रदान गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय

# अनुसूची १

उत्तर पुस्तिकाको पहिलो पृष्ठमा लेख्ने विवरण

Examination roll no: In figure ________ In Words__________________________

Exam Center: PKR/KTM/HTD

Level: B.Sc./M.Sc. Year __________ Semester _____________

Programme: Forestry/NRMRD/WM/CF/WMBC/MEDS

Subject: __________________________________________________

Date of examination (YY/MM/DD): _____________

त्रिभुवन विश्वविद्यालय

# अनुसूची २

## परीक्षार्थीले पालना गर्नु पर्ने आचारसंहिता

(१) लिखित परीक्षा सञ्चालन हुने अविधिभर परीक्षार्थीले MS Team को Video मार्फत प्रष्ट अनुहार देखिने र Voice सुनिने गरी परीक्षाको कार्य अवधिभर Video Camera ON गर्नु पर्ने र Unmute हुनुपर्ने छ। यदि कुनै परीक्षार्थीले भिडियो बन्द गरेमा वा Mute भएमा उक्त परीक्षार्थीको परीक्षा रद्द गरिनेछ ।

(२) परीक्षा शुरु भएको ३० मिनेट भन्दा ढीलो गरी परीक्षा कक्षमा (Virtual Examination Room) प्रवेश गर्न पाइने छैन । यदि ३० मिनेट भन्दा ढीलो गरी परीक्षामा समावेश हुन आएमा निजको परीक्षा स्वतः रद्द हुनेछ ।

(३) परीक्षार्थीको परीक्षा दिने कक्ष (Virtual Examination Room) मा अन्य व्यक्ति भएमा वा पछि प्रवेश गरेको पाइएमा निजको परीक्षा स्वत रद्द हुने छ ।

(४) परीक्षार्थीले परीक्षा दिने समयमा टेवलको अगाडिको भाग भित्तामा जोडिएको हुनु पर्नेछ र

भिडियोमा आफू बसी लेख्ने टेवलमा रहेको सबै चिज स्पष्ट देखिनु पर्नेछ, अनुहार र दुबै हातहरु भिडियोको सिधा राखी बसेको हुनु पर्नेछ । परीक्षार्थीले टेवल नभएको खण्डमा निरीक्षकलाई परीक्षा संचालन पूर्व जानकारी दिई आफुँ बसेको कोठाको ३६० डिग्रीको Rotation मा Video देखाई अनुमती लिएर मात्र परीक्षामा बस्नुपर्ने छ। साथै उत्तरपुस्तिका लेख्नुभन्दा पहिले खाली उत्तरपुस्तिकाका प्रत्येक पाना निरीक्षकलाई देखाएर मात्र लेख्नु शुरु गर्नु पर्ने छ ।

(५) परीक्षार्थीले आफूले प्रयोग गर्ने उत्तर पुस्तिका परीक्षा कक्ष (Virtual Examination Room) मा उपस्थित भएपछि निरीक्षकको अनुमती लिई पहिलो पृष्ठमा अनुसूची १ को विवरण लेख्नु पर्नेछ। साथै पहिलो पृष्ठबाटै हरेक पृष्ठमा पृष्ठ नम्बर लेख्नुपर्नेछ ।

(६) उत्तरपुस्तिकामा एक भन्दा बढी किसिमको मसीको प्रयोग र फरक Handwriting भएमा परीक्षा स्वत रद्द हुनेछ ।

(७) निरीक्षकले परीक्षार्थीको अस्वभाविक व्यवहार (परीक्षा नियम प्रतिकुल) देखेमा निजको परीक्षा रद्द गर्न सक्नेछ ।

(८) निरिक्षकको निर्देशन अनुसार कुनै पनि समयमा परीक्षार्थीहरूले आफूले प्रयोग गरेको उपकरण ( Device) को स्क्रिन र परीक्षाको लागि बसेको कोठाको चारैतर्फ ३६० डिग्रीको Rotation मा देखाउनु पर्नेछ। निर्देशन अनुसार परीक्षार्थीले अटेर गरेमा उक्त परीक्षार्थीको उक्त दिनको परीक्षा रद्द गरिनेछ ।

(९) उत्तरपुस्तिका A4 साईजको Full Scape size plain/Ruled paper हुनु पर्ने छ। उत्तरपुस्तिकाको दायाँ बायाँ मार्जिन छोडी एक साइडमा मात्र कालो मसी प्रयोग गरी लेख्नुपर्ने छ। नोट वुक, स्क्राप पेपर, डायरीको प्रयोग गर्न पाइने छैन ।

(१०) परीक्षा दिनको लागि आवश्यक पर्ने कपि, कलम तथा अन्य सामाग्री र पिउने पानी लगायतका आवश्यक सामग्रीहरु परीक्षार्थीले परीक्षा पूर्व नै व्यवस्था गरी बस्नु पर्नेछ। परीक्षा शुरु भईसकेपछि उत्तरपुस्तिका, कलम वा कुनै पनि सामाग्री ल्याउन जान पाइने छैन ।

(११) परीक्षाको समय सम्बन्धित विषयको प्रश्न पत्रमा उल्लेख गरेबमोजिम हुनेछ। परीक्षा दिन सिटमा बसी सकेपछि १ घण्टा (६० मिनेट) पछि मात्र परीक्षा हल छोड्न पाइने छ। परीक्षा शुरु भएको १

घण्टा पछि मात्र शौचालय जानु आवश्यक भएमा बढिमा एक पटकको लागि ३ मिनेटको समय दिइनेछ। सो समयमा कपी, कलम प्रश्नपत्र, प्रवेश पत्र टेवलमा नै छोडी निरीक्षकसँग अनुमति लिएर मात्र जानु पर्नेछ र फर्केपछि निरीक्षकलाई जानकारी गराउनु पर्नेछ। दिइएको समयमा भन्दा ढिलो गरी परीक्षार्थी आएमा निजको परीक्षा रद्द गर्न सकिने छ। परीक्षाको अन्तिम ३० मिनेटको समयमा शौचालय जान पाइने छैन। निरीक्षकले अनुपस्थिति भएको अवधि सहितको परीक्षार्थीहरूको विवरण प्रमाणित गरी परीक्षा नियन्त्रण महाशाखाको कार्यालयमा पठाउनु पर्नेछ।

(१२) परीक्षार्थीले परीक्षा अवधिभर एउटा मात्र device प्रयोग गर्नु पर्ने छ। परीक्षा अवधिमा एकै पटक दुईवटा device प्रयोग गरेको पाइएमा निजको परीक्षा स्वतः रद्द हुनेछ। कथम कदाचित खोलिएको device मा समस्या आएमा तुरुन्त निरीक्षकलाई खबर गरी अर्को device प्रयोग गर्न अनुमति लिई प्रयोग गर्न सकिनेछ। साथै Ear pod, bluetooth जस्ता device हरू प्रयोग गर्न निषेध गरिएको छ। परीक्षा अवधिभर परीक्षार्थीले दुबै कान प्रष्ट देखिने गरि बस्नु पर्नेछ अर्थात कान ढाकिने गरि टोपी लगाउने तथा कपाल छोड्न पाइने छैन। उत्तर पुस्तिका बुझाउने समयमा पनि Video खुल्ला राखी निरीक्षकको अनुमति लिएरमात्र मोवाईलको प्रयोग गरी फोटो खिच्न पाइनेछ।

(१३) Internet Connection को समस्याले विद्यार्थी Virtual room संग विच्छेद (Disconnect) भएमा विच्छेद भएको ३ मिनेट भित्र विद्यार्थीले निरिक्षक, सहायक केन्द्राध्यक्ष वा केन्द्राध्यक्ष वा तोकिएको व्यक्तिलाई जानकारी गराउनु पर्नेछ। विच्छेद हुनुको कारण मनासिब देखिएमा निरीक्षकले बढिमा एक पटकलाई परीक्षामा पुनः समावेश गर्न दिन सक्नेछ। यसरी विच्छेद (Disconnect) भएको खण्डमा परीक्षार्थीले पुनः Connect नभई लेखेमा निजको परीक्षा स्वतः रद्द हुने छ। विच्छेद (Disconnect) हुनु पूर्व र Reconnect भई सकेपछि लेखेको विवरण रेकर्डबाट हेरिनेछ। तर Internet disconnect भै १ मिनेट भित्रै पटक पटक Reconnect भएमा प्रत्येक पटक परीक्षामा पुनः समावेश गर्न दिईनेछ।

(१४) परीक्षार्थीहरुले परीक्षा समायावधी सकिएको ३० मिनेट भित्रमा उत्तरपुस्तीकाको क्रमशः पृष्ठ नम्वर अनुसार क्रमशः फोटो खिची pdf file बनाएर तोकिएको Online link मार्फत पठाउनु पर्नेछ।

(१५) परीक्षार्थीले pdf file को नामकरण निम्नानुसार गर्नुपर्ने छ।

Exam Center_Subject Code_Exam Roll No.

जस्तै पोखरा क्याम्पसको प्रथम वर्ष प्रथम सेमेष्टरको 205 रोल न. भएको BSH 304 : Mathematics for Forestry विषयको परीक्षाको उ.पु. को pdf file को नामकरण निम्नानुसार रहने छ।

PKR_BSH_304_205

(*Subject Code सम्बन्धित बिषयको प्रश्न पत्रमा उल्लेख भएको हुन्छ।*)

(१६) परीक्षार्थीले पठाएको pdf file स्पष्ट सँग पढन सकिने हुनु पर्दछ। अस्पष्टका कारण मूल्याङ्कनमा पर्ने असरको जिम्मेवार स्वयं परीक्षार्थी नै हुनेछ।

(१७) रद्द भएको परीक्षा पुनः परीक्षा सरह मानिनेछ।

****